**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं १८ गते बिहीबार ❑ 3 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पर्यटन क्षेत्रमा ५० अर्बभन्दा बढी क्षति भएको छ: मन्त्री पौडेल

**रासस**
काठमाडौं, १७ भदौं

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले रसुवा बाढीबाट पर्यटन क्षेत्रमा रु ५० अर्बभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बुधबारको बैठकमा भएको रसुवा बाढीका कारण पर्यटन क्षेत्रमा परेको प्रभावबारेको छलफलमा उहाँले पर्यटन व्यवसाय र पूर्वाधारको क्षति र भविष्यमा पार्न सक्ने आर्थिक असरसमेतका आधारमा उक्त अनुमान गरिएको बताउनुभयो।

मन्त्री पौडेलका अनुसार बाढीपहिरोबाट १४२ वटा होटल, ५७ वटा रेस्टुरेन्ट तथा पर्यटन व्यवसायसँग सम्बन्धित १४१ वटा सवारीसाधन क्षति भएको छ। त्यस क्षेत्रकाविभिन्न महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदामा पनि क्षति पुगेको छ। लाङटाङ, गोसाइँकुण्ड, पार्वतीकुण्ड र नाथली पदमार्गमा क्षति पुगेकाले वैकल्पिक बाटो खोज्नुपर्ने अवस्था सिर्जना रहेको उहाँले बताउनुभयो। प्रभावित क्षेत्रलाई मन्त्रालयमार्फत ' क्लाइमेट हेरिटेज'का रूपमा विकास गर्ने योजना अघि बढाइएको जानकारी दिँदै मन्त्री पौडेलले त्यस क्षेत्रमा सङ्ग्रहालय, स्मारक, पार्क वा अन्य संरचना निर्माण गर्ने विषयमा सरोकारवालासँगको छलफलका आधारमा निर्णय गरिने बताउनुभयो। जलवायुपरिवर्तनका कारण नेपालले ठूलो विपत्ति भोग्नुपरेको उल्लेख गर्दै मन्त्री पौडेलले नेपालले नगरेको गल्तीको असर नेपालीले भोग्नुपरेको बताउनुभयो। उहाँले जलवायु परिवर्तनबाट प्रभावित नेपाललाई अन्तरराष्ट्रिय समुदायले आवश्यक सहयोग र प्रविधि उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो।

मन्त्री पौडेलले हिमाली क्षेत्रमा रहेका हिमताल र हिमनदीको जोखिमलाई ध्यानमा राख्दै विपद् आउनुअघि सूचना दिन सक्ने आधुनिक प्रविधिको आवश्यकता रहेको बताउनुभयो।

उहाँले विश्वका विभिन्न मुलुकमा प्रयोग भइरहेका यस्ता प्रविधि नेपालमा उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायसँग पहल गरिनेछ भन्नुभयो।

बाढीपहिरोका क्रममा उद्धार तथा राहतमा नेपाली हवाई कम्पनी र हेलिकप्टर व्यवसायीले महत्वपूर्ण योगदान बताउँदै उहाँले त्यसलाई राष्ट्रप्रतिको महत्वपूर्ण योगदानका रूपमा हेरिनेछ भन्नुभयो।

मन्त्री पौडेलले पोखरा, चितवन र काठमाडौँलगायतका स्थानका होटल व्यवसायीले प्रभावितलाई निःशुल्क बस्न र खान दिने व्यवस्था गरेकामा धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले रसुवा बाढीमा के-कति विदेशी पर्यटक बेपत्ता भएको भन्ने विषय अन्तिम तथ्याङ्क आएपछि यकिन हुने बताउनुभयो।

सरकारले प्रभावित पर्यटक तथा उनीहरूका परिवारलाई सहजीकरण गर्न त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थल तथा आवश्यक अन्य स्थानमा 'डेस्क' स्थापनाको प्रक्रिया अघि बढेको बताउँदै मन्त्री पौडेलले विभिन्न मन्त्रालय र दूतावाससँग यस विषयमा समन्वय भइरहेको जानकारी दिनुभयो।

मन्त्री पौडेलले विपद्का कारण नेपालको पर्यटन क्षेत्रमा नकारात्मक सन्देश जान नदिन अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी सञ्चार आवश्यक रहेको बताउनुभयो। उहाँले अन्तरराष्ट्रियस्तरमा पहुँच भएका जोसुकै व्यक्तिलाई पनि नेपाल सुरक्षित रहेको र नेपालको पर्यटन उद्योग पर्यटकलाई स्वागत गर्न तयार रहेको सन्देश विश्वभर पुऱ्याउन सुझाव दिनुभयो।

"प्राकृतिक विपत्ति संसारका जुनसुकै ठाउँमा हुन सक्छ। यसले नेपालको पर्यटन उद्योगलाई भत्काउन सक्दैन। हामी अझै उभिएका छौँ र पर्यटकलाई स्वागत गर्न तयार छौँ", उहाँले भन्नुभयो। मन्त्री पौडेलले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको पीडाबारे विश्व समुदायलाई जानकारी गराउनुपर्ने र अर्कोतर्फ नेपाल पर्यटनका लागि सुरक्षित र खुला रहेको सन्देश दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

पर्यटन क्षेत्रमा कार्यरत श्रमिकसँग सम्बन्धित कल्याणकारी कोषलाई परिचालन गर्ने निर्णयसमेत गरिएको बताउँदै उहाँले बाढीमा परी बेपत्ता भएका व्यक्तिको यकिन नहुँदा बीमा दाबीमा आउन सक्ने जटिलताबारे अर्थ मन्त्रालयसँग समन्वय भइरहेको जानकारी दिनुभयो। राष्ट्रिय विपत्तिका बेला राजनीतिकभन्दा माथि उठेर नेपाली समाज एकताबद्ध हुने गरेको उल्लेख गर्दै उहाँले यसपटक पनि उद्धार र राहतका काममा त्यही सामाजिक एकता देखिएको बताउनुभयो।

## गण्डकी प्रदेशमा फणीन्द्र देवकोटालाई फेरि मन्त्रीको जिम्मेवारी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं



गण्डकी प्रदेश सरकारमा नेकपा एमालेका चार मन्त्रीले राजीनामा दिएर सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सत्ता समीकरणलाई थप मजबुत बनाउन नेपाल समाजवादी पार्टी (नेसपा) का सांसद फणीन्द्र देवकोटालाई पुनः मन्त्री नियुक्त गर्नुभएको छ।

मुख्यमन्त्री पाण्डेले बुधबार देवकोटालाई ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको जिम्मेवारी दिनुभएको हो।

देवकोटाले बुधबार नै मन्त्री पदको शपथ लिनुभएको छ। पाण्डे नेतृत्वको सरकारमा उहाँ तेस्रो पटक मन्त्री बन्नु भएको हो। यसअघि पनि ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको जिम्मेवारी सम्हालिसक्नुभएका देवकोटाको राजनीतिक यात्रा भने उतारचढावपूर्ण रहँदै आएको छ। तत्कालीन नेकपा माओवादी केन्द्रको कारबाहीपछि उहाँ मन्त्री पदबाट हट्नुभएको थियो। माओवादी केन्द्रको सिफारिसमा उहाँ प्रदेशसभा सदस्यबाट समेत मुक्त हुनुभएको थियो।

तर सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत देवकोटालाई प्रदेशसभा सदस्यका रूपमा काम गर्न दिन आदेश दिएपछि उहाँको राजनीतिक यात्राले पुनः गति लिएको थियो। त्यसपछि मुख्यमन्त्री पाण्डेले उहाँलाई पुनः सरकारमा सहभागी गराउनुभएको थियो।

यसैबीच, कांग्रेसबाट खानेपानी मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आउनुभएका नन्दप्रसाद न्यौपानेलाई मन्त्रालय हेरफेर गर्दै भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी दिइएको छ। यसअघि उक्त मन्त्रालय एमालेका गोविन्दबहादुर नेपालीले सम्हाल्नुभएको थियो। एमालेका चार मन्त्रीले सामूहिक राजीनामा दिएपछि गण्डकी सरकारको सत्ता समीकरणमा परिवर्तन आएको हो। एमाले सरकारबाट बाहिरिए पनि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल समाजवादी पार्टीको समर्थनमा कांग्रेस नेतृत्वको सरकारलाई आवश्यक बहुमत पुग्ने अवस्था बनेको छ।

गोरखाबाट प्रदेश राजनीतिमा स्थापित हुनुभएका देवकोटा २०७९ सालको प्रदेशसभा निर्वाचनमा गोरखा क्षेत्र नम्बर २ (क) बाट निर्वाचित हुनुभएको हो। त्यतिबेला डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रबीच चुनावी तालमेल भएको थियो। सोही तालमेलअन्तर्गत देवकोटाले माओवादी केन्द्रको चुनाव चिह्न 'गोलाकारभित्रको हँसिया हथौडा' लिएर निर्वाचनमा सहभागी हुँदै प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत लिने क्रममा देवकोटाको भूमिका निर्णायक बनेको थियो। माओवादी केन्द्रले सरकारको विपक्षमा मतदान गर्न ह्विप जारी गरे पनि देवकोटाले आफू नेपाल समाजवादी पार्टीको छुट्टै अस्तित्वमा रहेको र आफूलाई माओवादी केन्द्रको ह्विप लागू नहुने धारणा राख्दै मुख्यमन्त्री पाण्डेको पक्षमा मतदान गर्नुभएको थियो।

देवकोटाले फ्लोर क्रस गर्दै पाण्डेको पक्षमा मतदान गरेपछि उहाँको मत सरकार


बाँकी अन्तिम पृष्ठमा ▶▶


## भोटेकोशी बाढी: एक हजार २०४ शव फेला

**रासस**
काठमाडौं, १७ भदौं

रसुवास्थित भोटेकोशी बाढीमा परी मृत्यु भएका एक हजार २०४ जनाको शव विभिन्न जिल्लामा फेला परेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार रसुवामा ११५, नुवाकोटमा १५५, धादिङमा ६०, गोरखामा ६९, तनहुँमा ३८, चितवनमा ३४८, नवलपरासी पूर्वमा २१७ र नवलपरासी पश्चिममा २०२ शव फेला परेको छ। फेला परेकामध्ये ९५ शव सनाखत भई परिवारजनले बुझेका छन्।

यही भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीका कारण चार हजार २१६ जना सम्पर्कविहीन भएको प्राधिकरणले जनाएको छ। बाढीमा परी ३०१ जना घाइते भएका छन्।

हालसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको प्राधिकरणले जनाएको छ। बाढी प्रभावित क्षेत्रमा २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन गरिएको छ। बाढीका कारण घरबारविहीन भएका तीन हजार ४५३ नागरिक नुवाकोट, धादिङ, रसुवा र काठमाडौँका 'होल्डिङ सेन्टर'मा रहेको प्राधिकरणले जनाएको छ।

## पोखरासँग जोडिने राजमार्गमा बैकल्पिक सडक मार्गहरु बनाउन पर्यटन व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

पृथ्वी राजमार्ग अन्तर्गत कृष्णभिरमा गएको भीषण पहिरोका कारण सडक अवरुद्ध भएपछि पोखराको पर्यटन व्यवसायमा प्रत्यक्ष असर परेको पर्यटन व्यवसायीहरूले बताएका छन्।


पोखरा-काठमाडौं जोड्ने सडकको भरपर्दो विकल्प नहुँदा सडक अवरुद्ध हुनेबित्तिकै पर्यटक आगमन प्रभावित हुने र त्यसको प्रत्यक्ष मार पर्यटन व्यवसायीले खेप्नुपर्ने अवस्था रहेको उनीहरूको गुनासो छ।

पोखरा पर्यटन परिषद्को २६औं वार्षिक साधारण सभा तथा १४औं अधिवेशनका क्रममा पर्यटन व्यवसायीहरूले पोखरालाई मुलुकका प्रमुख सहर तथा राजधानीसँग जोड्ने वैकल्पिक सडक सञ्जाल निर्माणलाई प्राथमिकतामा राख्न सरकारसँग माग गरेका हुन्। पर्यटन व्यवसायीहरूले पृथ्वीराजमार्गको वैकल्पिक मार्गका रूपमा सडक सञ्जाल विस्तार गर्नुपर्नेमा जोड दिँदै पटक-पटक हुने प्राकृतिक विपद्का कारण पर्यटन क्षेत्रले ठूलो क्षति व्यहोर्दै आएको गुनासो गर्नु भयो। नेपालको पर्यटन व्यवसाय 'भोलि सुधार होला' भन्ने आशामा रहँदा प्राकृतिक विपद्, सडक अवरोध लगायतका समस्याले व्यवसायलाई अपेक्षित रूपमा उठ्न नदिएको व्यवसायीहरुले गुनासो गर्नु भएको परिषदका महासचिव जीवनराज सापकोटाले बताउनु भयो।

नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पोखराको दिगो तथा गुणस्तरीय पर्यटन विकासका लागि सरकार गम्भीर रूपमा अघि बढिरहेको बताउनु भयो। पोखरालाई मात्र केन्द्र बनाएर नभई पोखरा आसपासका क्षेत्रलाई समेत समेटेर समग्र पर्यटन विकासको योजना अघि बढाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाई थियो। पोखरेलले दिगो पर्यटन र वेलनेस पर्यटनलाई प्राथमिकतामा राखेर पोखराको पर्यटनलाई नयाँ ढंगले विकास गर्नुपर्ने सदस्य पोखरेलले बताउनु भयो। पोखरामा रहेका तालहरूमध्ये कम्तीमा एउटाताललाई व्यवस्थित रूपमा वाटर स्पोर्ट्सको केन्द्रका रूपमा विकास गर्नुपर्ने विषयमा पनि छलफल भइरहेको उनले जानकारी दिनुभयो। सराङकोटबाट सूर्योदय, पुम्दीकोट भ्रमण र काहुँडाँडाबाट सूर्यास्तको अनुभव पर्यटकलाई गराउने गरी पर्यटन प्याकेज विकास गर्न सकिने सम्भावनाबारे समेत छलफल भएको पोखरेलले बताउनु भयो। काहुँडाँडामा निर्माणको अवधारणामा रहेका धर्मकाय बुद्ध मण्डल परियोजनाबारे पनि सरकारले चासो देखाएको उहाँले जनाउनु भयो। पोखरेलले पोखराले अब पर्यटक पर्खेर बस्नेभन्दा पनि 'पोखरा आउनैपर्ने' गन्तव्यका रूपमा बनाउन सबै लाग्नु पर्नेमा जोड दिनुभयो। "सरकारसँग बजेटको अभाव होइन, प्रस्ताव र योजनाको अभाव रहेछ। अब पोखराले पर्यटक पर्खेर बस्ने होइन, पर्यटक छनोट गर्न सक्ने अवस्था बनाउनुपर्छ। पोखरा आउन लालायित हुने वातावरण सिर्जना गर्नुपर्छ।" उहाँले भन्नुभयो। नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरामा विभिन्न गतिविधि र यहाँको कला संस्कृतिले पोखराको ब्राण्ड भएकोले अब यसको क्षेत्र विस्तार र नयाँ गन्तव्यहरुको खोजि गरी प्रबर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो। यसैगरी पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष डम्बरबहादुर केसीले पोखरामा दिगो पर्यटन विकासका लागि आवश्यक पूर्वाधार निर्माणमा स्थानीय सरकारले अपेक्षित रूपमा एक्सन प्लान बनाएर काम गर्न नसकेको दाबी गर्नुभयो। उहाँले चीनसँगको केरुङ नाकामा देखिएको विपद्का कारण वैकल्पिक नाकाका रूपमा कोरला नाकाको विकासबारे पनि


बाँकी अन्तिम पृष्ठमा ▶▶





# परिषदको अध्यक्षमा भुजेल

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

पोखरा पर्यटन परिषदको अध्यक्षमा हरि भुजेल निर्वाचित भएका छन् ।

परिषदको बुधबार सम्पन्न २६ औं साधारण सभा तथा १४ अधिवेशनले भुजेललाई अध्यक्षमा निर्वाचित गरेको निर्वाचन समितिले जनाएको छ ।

अधिवेशन अन्तर्गत बुधबार भएको निर्वाचनमा नेपाल हवाई खेलकुद संस्था 'ना'का पूर्व अध्यक्ष कृष्ण भण्डारीलाई १४ मतले पराजित गर्दै निवर्तमान प्रथम उपाध्यक्ष भुजेल अध्यक्षमा निर्वाचित भएका हुन् ।




कुल ३९ प्रतिनिधि रहेको परिषदको अध्यक्षमा निर्वाचित भुजेलले २५ मत प्राप्त गरे भने पराजित ढुंगानाले ११ मत प्राप्त गरे। ३ मत बदर भएको थियो। परिषदको अध्यक्षमा निर्वाचित भुजेल टानका पूर्व अध्यक्ष हुन् ।

परिषदको सदस्यहरुमा बाबुराम पाण्डे, सुनिलबहादुर भट्टराई, शोभा अधिकारी सापकोटा, जीवनराज सापकोटा र नारायणप्रसाद सुवेदी सर्वसम्मत चयन भएका छन् । परिषदको निर्वाचित कमिटीले प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष पछि चयन गर्नेछ । यसैबिच पोखरा पर्यटन परिषद्को २६औं वार्षिक साधारण सभा तथा १४औं अधिवेशनको नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले उद्घाटन गर्दै पोखराको दिगो तथा गुणस्तरीय पर्यटन विकासका लागि सरकार गम्भीर रूपमा अघि बढिरहेको बताए। परिषदका अध्यक्ष तारानाथ पहारीको अध्यक्षतामा उद्घाटन सत्र सम्पनन भएको थियो ।

# सीप सिकाउँदै आत्मनिर्भर बनाउँदै मनको साथी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

समाजमा परिवर्तन ल्याउन ठूला कुरा मात्र होइन, सानो प्रयासले पनि ठूलो अर्थ राख्दछ । हातमा सीप, मनमा आत्मविश्वास र श्रमप्रतिको सम्मान जगाउन सकियो भने जीवनको बाटो आफैं सहज बन्दै जान्छ ।

यही विश्वासलाई आत्मसात् गर्दै आएको संस्था हो मनको साथी । स्थापनाकालदेखि नै समाजका विभिन्न वर्गलाई लक्षित गर्दै सीपमूलक तथा उत्पादनमूलक तालिम सञ्चालन गर्दै आएको मनको साथीले धेरैलाई आफ्नै खुट्टामा उभिने बाटो देखाउँदै आएको छ । कहिले शिरदेखि पाउसम्म लगाउने मोजा, स्विटर र टोपी बनाउने तालिम, त कहिले घरको भान्छालाई स्वादिलो बनाउने अचार बनाउने तालिम । संस्थाले दिएको सीप केवल तालिममा सीमित छैन, त्यसले सहभागीको जीवनमा आत्मनिर्भरता र आत्मविश्वासको बीउ रोप्दै आएको छ । यही सामाजिक यात्रालाई निरन्तरता दिंदै पोखरा महानगरपालिका वडा नं १३ स्थित मनको साथीले बुधवारदेखि एकमहिने उत्पादनमा आधारित सिलाइ तालिम सुरु गरेको छ। सीप सिक्ने मात्र नभई सिकेको सीपलाई उत्पादनसँग जोडेर आयआर्जनको माध्यम बनाउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो। समाजसेवी कर्णवहादुर गुरुङले तालिमको उद्घाटन गर्दै तालिममा लिएको ज्ञान व्यवहारमा उतार्नु पर्नेमा जोड दिए ।




तालिमको प्रशिक्षकमा शर्मिला लोहनी रहेकी छिन् । यस अभियानमा पोखरा १३ गौडाकोमुख निवासी टोपबहादुर गुरुङ हाल अमेरीका बस्दै आएका छन्। उनै टोवबहादुरले जन्मदिनको अवसर पारेर तालिमका लागि सहयोग गरेका छन् । जन्मदिनलाई व्यक्तिगत खुसीमा मात्र सीमित नराखी अरूको जीवनमा सीप र सम्भावनाको उज्यालो थप्ने माध्यम बनाउँदै गुरुङले गरेको सहयोगले सामाजिक उत्तरदायित्वको सुन्दर उदाहरण प्रस्तुत गरेको छ। मनको साथीका लागि यस्ता तालिम केवल कार्यक्रम होइनन्, जीवन बदल्ने साना-साना खुड्किला हुन्। कसैको हातमा सियो र धागो पुग्दा त्यही हातले भोलि परिवारको खर्च धान्न सक्छ, कसैको घरमा बनेको अचारले आम्दानीको बाटो खोल्न सक्छ। त्यसैले संस्थाको अभियानको सार एउटै छ सीप सिकाऊँ, आत्मनिर्भर बनाऊँ र जीवनमा खुसी थपौँ ।

मनको साथी पोखरा-१३का अध्यक्ष कृष्णकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सरस्वती सिग्देलले स्वागत र सचिव रेखा गुरुङ त्रिपाठीले संचालन गरेकी थिइन् । मनको साथीकी सदस्य काशी गुरुङले संस्थाको वारे चर्चा गर्दै तालिमको वारे प्रष्ट पारेकी थिइन् । २१ जना सदस्य रहेको मनको साथी संस्थामा विभिन्न क्षेत्रमा अनुभव प्राप्त गरेका पाँच जनालाई सल्लाहकार चयन गरेको छ । सल्लाहकारमा क्रमश लोकवहादुर कार्की, लक्ष्मण गुरुङ, युवराज त्रिपाठी, शोभाकान्त सिग्देल र कुमवहादुर गुरुङ रहेका छन् ।

# प्रस्याङको सन्तानेश्वरमा महायज्ञ शुरू, पहिलो दिनमै ७७ लाख संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

पोखरा महानगरपालिका-५ प्रस्याङस्थित धार्मिक तथा ऐतिहासिक महत्व बोकेको सन्तानेश्वर महादेव मन्दिर पुनःनिर्माणका लागि श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ सुरु भएको छ ।

प्राकृतिक विपत्तिमा ज्यान गुमाएका, घाइते तथा बेपत्ताको सम्झना र विश्व शान्तिको कामनासहित आयोजना गरिएको महायज्ञ भदौ २५ गतेसम्म सञ्चालन हुनेछ । महायज्ञअघि भव्य कलशसहित शान्ति पदयात्रासमेत आयोजना गरिएको थियो । महायज्ञको पहिलो दिनमै ७७ लाख रुपैयाँ संकलन भएको प्रस्याङ बगैंचा पार्क व्यवस्थापन समितिका अध्यक्ष शिवप्रसाद पराजुलीले जानकारी दिए। उनले सन्तानेश्वर महादेव मन्दिरलाई कलात्मक र आकर्षक स्वरूपमा निर्माण गरेरै छाड्ने अठोट व्यक्त गरे। उनका अनुसार महायज्ञबाट संकलित केही रकम बाढी पीडित राहत कोषमा जम्मा गरिनेछ। महायज्ञ उद्घाटन गर्दै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वकुलपति प्राडा भरतबहादुर खत्रीले धार्मिक तथा सामाजिक कार्यमा गरिने दानबाट कहिल्यै हानी नहुने र त्यसको फल भविष्यमा प्राप्त हुने दाबी गरे । पोखरा-५ का वडाध्यक्ष एवं महायज्ञका प्रमुख संरक्षक बिष्णुप्रसाद बरालले देश शोकमा रहेका बेला मन्दिर निर्माणका लागि मात्रै नभई शान्तिको कामनासहित महायज्ञ आयोजना गरिएको बताए। उनले महायज्ञ सफल बनाउन सबैको सहयोग आवश्यक रहेको उल्लेख गरे । कार्यक्रममा ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय लम्लीहिलकी प्रमुख सुधा दिदी, अग्रज समाजसेवी हेरम्बप्रसाद कोइराला, संस्थापक परिवारका सदस्य सुरेशचन्द्र कोइराला, प्रमुख वाचक पण्डित दीपकप्रसाद पौडेल, अर्थ समिति संयोजक केशव अधिकारी, प्रस्याङ बगैंचा पार्क व्यवस्थापन समितिका उपाध्यक्ष विजयलक्ष्मी कोइराला र सचिव लक्ष्मण कोइरालालगायतले मन्तव्य राखेका थिए । श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर आयोजना गरिएको महायज्ञमा विभिन्न देवलिला, संगीतमय श्रीमद्भागवत कथा प्रवचन तथा धार्मिक कार्यक्रम सञ्चालन हुने आयोजकले जनाएको छ ।



महायज्ञलाई धार्मिक आस्था, सामाजिक एकता र सामुदायिक सहभागिताको उत्सवका रूपमा अघि बढाइएको प्रचारप्रसार समिति संयोजक लक्ष्मण बरालले बताए । सन्तानेश्वर महादेव मन्दिरलाई चार ढोका र पञ्चमुखी शिवलिङ्गसहितको विशाल शिवालयका रूपमा निर्माण गरी धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। मन्दिर निर्माणका लागि प्राप्त सहयोग पारदर्शी रूपमा सार्वजनिक गर्ने र दातालाई योगदानअनुसार सम्मान गर्ने व्यवस्था गरिएको आयोजकले जनाएको छ । सन्तानेश्वर महादेवलाई सन्तान प्राप्तिको वरदान दिने देवताका रूपमा पूजा गर्ने धार्मिक विश्वास रहँदै आएको छ । मन्दिरको गर्भगृहमा रहेको एउटै शिलाका तीन भागलाई सन्तानेश्वर महादेव, माता पार्वती र गणेशका रूपमा पूजा गर्ने परम्परा छ । मन्दिर करिब ९२ वर्ष अघि स्थानीय लिलाधर कोइरालाले स्थापना गरेको बताइन्छ ।

# भण्डाढिक खल्यार्ड तमु समाजद्वारा एक लाख १७ हजार सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

गत भदौ १० गते रसुवामा गएको विनाशकारी बाढीबाट प्रभावित नागरिकका लागि पोखरा महानगरपालिका-२९ स्थित भण्डाढिक खल्यार्ड तमु समाजले एक लाख १७ हजार छ सय २५ रुपैयाँ सहयोग गर्ने भएको छ ।

समाजले आफ्ना सदस्य तथा विभिन्न पदाधिकारीबाट संकलन गरी बचत भएको रकमबाट उक्त सहयोग गर्ने निर्णय गरेको हो । सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने समाजले जनाएको छ ।

बुधबार समाजको भवनमा आयोजित राहत रकम घोषणा कार्यक्रममा अध्यक्ष अरुणकुमार गुरुङसहित निवर्तमान अध्यक्ष ईश्वरबहादुर गुरुङ, उपाध्यक्ष भूपेन्द्र गुरुङ, सचिव कल्पना गुरुङ, सहसचिव विष्णुप्रसाद घले तथा सदस्यहरू लोकबहादुर गुरुङ, गोपाल गुरुङ, सीता गुरुङ, मायादेवी गुरुङ र सरिता गुरुङको उपस्थितिमा सहयोग रकम घोषणा गरिएको थियो ।



समाजका अध्यक्ष अरुणकुमार गुरुङले बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै विपद् को यस घडीमा सरकार र प्रभावित नागरिकलाई सहयोग गर्नु सबैको साझा दायित्व भएको बताए उनले स्थानीय तह, संघसंस्था, निजी क्षेत्र तथा आम नागरिकलाई समेत विपद् प्रभावितको सहयोगका लागि अघि बढ्न आह्वान गरे ।

संस्थाका सम्पूर्ण सदस्यबाट रकम संकलन गरी राहत सहयोग गर्ने निर्णय गरिएको र विपद्का समयमा गरिने सहयोग तथा सहकार्यले पीडितलाई ठूलो राहत पुग्ने उहाँले बताउनुभयो ।

समाजले टोल सरसफाई, खेलकुद, सामाजिक तथा परोपकारी गतिविधिलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता जनाएको छ । कार्यक्रममा समाजका पदाधिकारी, सदस्य तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

# बाढी प्रभावितको लागि पद्म नर्सिङ होमको आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

पद्म नर्सिङ्ग होम प्रा.लि.नदिपुर पोखराले बाढी प्रभाबितको लागि १ लाख ११ हजार १ सय ११ रुपैयाँ आर्थिक सहयोग गरेको छ।

भोटेकोशी र त्रिशुली नदीमा गत भदौ १० गते आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि प्रा.लि.ले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका हो । नर्सिङ्ग होमले १ लाख ११ हजार १ सय ११ रुपैयाँ बराबरको चेक नबिल बैक लिमिटेडमा रहेको कोषको खातामा जम्मा गरेका जनाएको छ। प्राकृतिक विपद् बाट भएको ठूलो जनधनको क्षति प्रति पद्म नर्सिङ्ग होमले गहिरो दुःख व्यक्त गर्दै मृतक प्रति श्रद्धाञ्जली एवं प्रभावित तथा पीडित परिवारहरू प्रति समबेदना समेत प्रकट गरेको छ । गत भदौ १० गते बुधबार बिहान भोटेकोशी र त्रिशुली नदीमा आएको बाढीका कारण रसुवा सहित नुवाकोट, धादिङ र गोरखा लगायतका जिल्लाका नदी तटीय क्षेत्र प्रभावित भएका छन् । बाढीका कारण ठूलो जनधनको क्षति भएको छ भने प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत कार्य जारी छ। प्रा.लि. का अध्यक्ष यादब गौतमले प्राकृतिक बिपत्तिबाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले आफ्नो संस्थाको तर्फबाट १ लाख ११ हजार १ सय ११ रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको बताउनुभयो। विपद्को यस दुःखद घडीमा पीडित परिवार हरूको दुःखमा साथ, सहयोग र ऐक्यबद्धता जनाउनु सामाजिक दायित्व भएको महसुस गर्दै उक्त रकम सम्बन्धित राहत कोषमा जम्मा गरिएको उहाँको भनाई छ।

संस्थाका प्रबन्ध निर्देशन नरेन्द्र बास्तोलाले यस कठिन परि स्थितिमा प्रभावित नागरिकहरूको राहत तथा पुनर्स्थापनामा सानो भए पनि सहयोग पुग्ने विश्वासका साथ पद्म नर्सिङ होम प्रा. लि. को तर्फबाट आर्थिक सहयोग प्रदान गरिएको जानकारी दिदै आफ्नो संस्था सदैव सामाजिक उत्तरदायित्व प्रति प्रतिबद्ध रहेको बताउनुभयो ।

## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा वालवालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौ,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भिमाद नगरपालिकाद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २० लाख सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, १७ भदौं

भिमाद नगरपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु २० लाख सहयोग गर्ने निर्णय गरेको छ ।

नगरपालिकाको विपद् व्यवस्थापन समितिको बैठकले रसुवा बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो । नगरपालिकाको कोषबाट रु पाँच लाख, जनप्रतिनिधिको एक महिनाको पारिश्रमिकबाट रुआठ लाख ८० हजार, शिक्षक र कर्मचारीको तलबबाट रु छ लाख तथा भ्रमण कार्यक्रमको बजेट बाट रु २० हजार सहयोग गर्ने निर्णय भएको नगरप्रमुख दधिराज सुवेदीले जानकारी दिनुभयो ।

रसुवामा बाढीका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नगरप्रमुख सुवेदीले विपद्को घडीमा भिमाद नगरपालिका पीडितको साथमा रहेको बताउनुभयो ।

## पोखरासँग ...

सोच्नुपर्ने बताउनु भयो ।

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले पोखरा भ्रमण वर्ष २०२५-२६ का क्रममा करिब १७ लाख आन्तरिक तथा बाह्य पर्यटक पोखरा भित्र्याउन सफल भएको दाबी गर्नुभयो । उहाँले पोखराको पर्यटनलाई दीर्घकालीन र दिगो बनाउन पूर्वाधार, नयाँ पर्यटकीय गतिविधि र सेवा-सुविधाको गुणस्तरमा विशेष ध्यान दिनुपर्ने बताउनु भयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहाडीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा परिषद्को दुईवर्षे कार्यकालमा सहयोग गर्ने विभिन्न संघसंस्था तथा प्रतिनिधिलाई मायाको चिनोसमेत प्रदान गरिएको थियो ।

## गण्डकी ...

जोगाउन महत्वपूर्ण बनेको थियो । त्यसपछि मुख्यमन्त्री पाण्डेले उहाँलाई ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रीको जिम्मेवारी दिनुभएको थियो। पछिल्लो समय 'जेन-जी' आन्दोलनपछि देवकोटाले मन्त्री पदबाट राजीनामा दिनुभएको भए पनि कांग्रेस नेतृत्वको सरकारलाई दिएको समर्थन भने कायमै राख्नुभएको थियो । एमाले सरकारबाट बाहिरिएको नयाँ राजनीतिक परिस्थितिमा मुख्यमन्त्री पाण्डेले फेरि देवकोटालाई सरकारमा सहभागी गराउनुभएको हो । उहाँको पुनःमन्त्री नियुक्तिसँगै गण्डकी सरकारको सत्ता समीकरण थप स्थिर र प्रभावकारी बन्ने अपेक्षा गरिएको छ। साथै, प्रदेश सरकार सञ्चालनमा देवकोटाको भूमिका आगामी दिनमा पनि महत्वपूर्ण रहने देखिएको छ ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, व्यूझ्दा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# महाविपदमा भ्रामक र मिथ्या सूचनाको बाढी

भोटेकोसी वाढीको विपद्पछि सामाजिक संजाल र विभिन्न संचार माध्यमले भ्रामक र तथ्यहीन समाचार दिएका छन । अन्य देशमा भएका घटना र एआई सृजित तस्बिर राखेर विपदमाथि थप विपद् खडा गरेका छन । भ्रामक र तथ्यहीन समाचारले उद्दार र पुनस्थापनामा समस्या खडा भएको छ । सरकारले पटकपटक तथ्यहीन र भ्रामक सूचना नदिन र त्यस्ता पोष्ट हटाउन निर्देशन दिदै आएको छ । त्यसको मारमा चीन समेत परेको छ । काठमाडौँस्थित चिनियाँ दूतावासले बाढी प्रभावित क्षेत्रको जल तथा मौसम सम्बन्धी तथ्याङ्क नेपाललाई दैनिक रूपमा उपलब्ध गराइरहेको जनाएको छ ।

दूतावासका प्रवक्ताले एक विज्ञप्ति जारी गर्दै नेपाललाई आवश्यक सूचना नदिएको भन्ने आरोपहरू तथ्यहीन भएको बताएका छन् । अगस्ट २६ मा केरुङ-रसुवागढी नाका क्षेत्रमा आएको भीषण पहिरोका कारण त्यहाँका मनिटरिङ स्टेशनहरूमा क्षति पुगेको थियो । यातायात अवरुद्ध हुनुका साथै सिग्नलमा समेत अस्थिरता आएको भए पनि चीनले डाटा प्रशारण च्यानलहरू पुनःस्थापना गर्न हरसम्भव प्रयास गरेको दूतावासले उल्लेख गरेको छ । प्रभावित क्षेत्रको मुख्य जल तथा मौसम सम्बन्धी तथ्याङ्क चीनले नेपालको जल तथा मौसम विज्ञान विभागलाई दैनिक रूपमा उपलब्ध गराइरहेको विज्ञप्तिमा उल्लेख छ । साथै, अन्य सम्बन्धित नेपाली अधिकारीहरूसँग पनि समयमै आवश्यक जानकारी साझा भइरहेको चिनिया दुतावासको भनाइ छ ।

चीनमाथि लगाइएको ‘पारदर्शिताको अभाव’ सम्बन्धी आरोप तथ्यहरूसँग मेल नखाने भन्दै दूतावासले यस्ता कुराले नेपाल र चीनबीचको विपद् व्यवस्थापन र राहत सहकार्यलाई खल्बल्याउने उद्देश्य राखेको टिप्पणी गरेको छ । चीनले सधैँ मानवीय भावनालाई उच्च प्राथमिकता दिँदै आएको र नेपालको विपद् प्रतिकार्य सम्बन्धी निर्णय प्रक्रियामा पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । दुवै देशका जनताको जीउधनको सुरक्षाका लागि ठोस कदम चाल्दै आएको र आगामी दिनमा पनि नेपाललाई कठिनाइबाट पार पाउन र पुनर्निर्माणमा सहयोग जारी राख्ने चीनले स्पष्ट पारेको छ । अहिले सामाजिक सञ्जालहरूमा भोटेकोसीको बाढीको हवाला दिँदै पुराना भिडियो तस्बिरका साथै विभत्स र भयावह तस्बिरहरू फैलाइएको छ । त्यतिमात्र होइन करुणाजनक सामग्रीमा समेत संवेदनहीन र कतिपय त छुद्र टिप्पणी पनि गरिएको भेटिन्छ । यो मानवीय संवेलनशीलताको स्खलनको चरमसीमा हो ।

यही कारणले सरकारको सामाजिक सञ्जाल नियमन तथा व्यवस्थापन समूहले बाढीसँग जोडेर सामाजिक सञ्जालमा फैलाइएको विभत्स तस्बिर तथा भिडियो, एआई स्लप, नक्कली क्युआर कोड र मिथ्या सूचना हटाउन सामाजिक सञ्जाल प्लाटफर्महरूसँग छलफल अघि बढाएको हुनुपर्छ । कम्तीमा पीडितलाई थप पीडा दिने संवेदनहीन अमर्यादित सामग्रीमात्र रोक्न सके पनि ठूलै उपलब्धी हुनेछ । सामाजिक सञ्जालमा प्रायः छद्म नाममा अमर्यादित र छुद्र टिप्पणी गर्नेहरूमध्ये धेरैको पोस्ट हेर्दा एउटा अविश्वसनीय संयोग देखिन्छ । पीडितहरूप्रति लक्षित अमर्यादित टिप्पणी गर्ने केही एकाउन्टहरूको सार्वजनिक पोस्ट हेर्दा उनीहरू अहिलेको सत्तारुढ दल र नेताहरूका समर्थक देखिन्छन् ।

प्रधानमन्त्रीलाई धुरी मानेर विपक्षी र देशभक्तलाई छुरी हान्ने पनि भेटिन्छन् । बाढीसँग जोडेर सामाजिक सञ्जालमा फैलाइएको विभत्स तस्बिर तथा भिडियो, एआई स्लप, नक्कली क्युआर कोड र मिथ्या सूचना हटाउन सरकारको सामाजिक सञ्जाल नियमन तथा व्यवस्थापन समूहले सञ्जालहरूसँग आग्रह गरेको छ । विगतमा यस्तो हर्कत जो जसले गरेका छन उनीहरूले फोहोर सफा गर्न निश्चित अवधि दिएर आह्वान गर्नु आवश्यक देखिन्छ । सरकारले सामाजिक सञ्जाल कम्पनीहरूलाई निश्चित समयसीमा दिएर विभत्स, नक्कली र पीडितको मर्यादा उल्लङ्घन गर्ने सामग्री हटाउन निर्देशन दिनुपर्छ । अटेर गर्ने व्यक्ति र मिथ्या सूचना फैलाउनेमाथि प्रचलित कानुनअनुसार कारबाही हुनुपर्छ । अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै पीडितको मानवीय मर्यादाको रक्षा गर्नु नै लोकतान्त्रिक राज्यको पहिलो दायित्व हो । विपद्का बेला उद्धार, राहत र पुनस्थापनामा असर पुऱ्याउने गतिविधि हुन नदिन सचेत सबैले खबरदारी गर्नु आवश्यक छ ।

# एक सय ६५ उद्योग-व्यवसाय थपिँदा ८२ बन्द

पोखरापत्र संवाददाता
म्याग्दी, १७ भदौं

म्याग्दीमा एक वर्षको अवधिमा १६५ वटा उद्योग-व्यवसाय थपिँदा ८२ वटा बन्द भएका छन् ।

एकीकृत सेवा कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा ७० वटा उद्योग र ९५ वटा व्यवसाय दर्ता भएका हुन् । उक्त अवधिमा ४१-४१ वटा उद्योग र व्यवसायको दर्ता खारेजी भएको कार्यालयका प्रमुख शम्शेर घर्ती क्षेत्रीले जानकारी दिनुभयो ।

उहाँका अनुसार ५६१ उद्योग र ४८३ व्यवसाय नवीकरण भएका छन् । हालसम्म म्याग्दीमा तीन हजार ४९० उद्योग र तीन हजार ५५ व्यवसाय दर्ता भएका छन् । उद्योग, व्यवसाय दर्ता नवीकरणबापत गत आवमा रु १९ लाख ३० हजार राजस्व सङ्कलन भएको कार्यालयका अधिकृत पवी थापाले बताउनुभयो । अघिल्लो वर्ष रु ३० लाख २५ हजार ७७४ राजस्व सङ्कलन भएको थियो । पछिल्ला केही वर्षयता म्याग्दीमा उद्योग व्यवसाय दर्ताको तुलनामा बन्द हुने क्रम बढेको छ । आर्थिक मन्दीका कारण उद्यमी, व्यवसायी वैकल्पिक पेसा रोज्ने र पलायन हुँदा व्यवसाय दर्ता घटेको र बन्द हुने दर बढेको हो । आव २०८१/८२ मा म्याग्दीमा ७० उद्योग र ८५ व्यवसाय दर्ता हुँदा ४२ उद्योग र ४८ वटा व्यावसायिक फर्म बन्द भएका थिए । आव २०८०/८१ मा २११ उद्योग, व्यवसाय दर्ता भएकामा ८४ खारेज भएका थिए । चौध उद्योग र २९ व्यावसायिक फर्म खारेज भएको आव २०७९/८० मा १०१ उद्योग र ११० वटा व्यावसायिक फर्म दर्ता भएका थिए । म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले घट्दो जनसङ्ख्या, बसाइँसराइ, वैदेशिक रोजगारी, स्थानीय तहमा मात्र दर्ता गरेर आन्तरिक राजस्व कार्यालयबाट पान नम्बर पाइने र कोरोना महामारीपछि आर्थिक मन्दीको असर उद्योग व्यवसाय दर्ता तथा खारेजीमा परेको बताउनुभयो । फेन्सी, हार्डवेयर र होटल तथा रेष्टुरेष्टको व्यापार घटे पनि सटर बन्द नभएका तथा पर्यटनमूलक होटल व्यवसाय बढेको अध्यक्ष श्रेष्ठको भनाइ छ । ग्रामीण क्षेत्रका उद्यमी र व्यवसायीले स्थानीय तहमै दर्ता गरेर पान नम्बर लिन पाउने व्यवस्था भएपछि प्रदेश सरकारअन्तर्गतको पर्यटन तथा उद्योग कार्यालयमा दर्ता नगर्ने तथा खारेज गर्न थालेको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

# फोहर बेचेर व्यासले कमायो २७ लाख

पोखरापत्र संवाददाता
दमौली, १७ भदौं

तनहुँको व्यास नगरपालिकाले फोहरजन्य वस्तु बिक्री गरेर एक वर्षमा रु २७ लाख आम्दानी गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा पुनः प्रयोगयोग्य बनाइएका फोहर बिक्री गरी उक्त आम्दानी गरेको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार फोहरका रूपमा सङ्कलन गरी पुनः प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले उक्त आम्दानी गरेको हो । आवश्यक प्रक्रिया पूरा गरी बोलपत्रमार्फत चालु आर्थिक वर्षमा साबिकको मूल्यमा दश प्रतिशत थप गरी तनहुँ स्क्रेप सेन्टर व्यास-१ लाई फोहर बिक्रीको जिम्मा दिइएको थियो । फोहरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको नगरपालिकाले घरबाटै फोहर वर्गीकरण गरी सङ्कलन गर्न थालेपछि सहज भएको लम्सालले बताउनुभयो । कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी सङ्कलन गरिएको छ । एकै ठाउँमा सबै फोहर सङ्कलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा सङ्कलन भइरहेको छ । फोहर बिक्री गरी आम्दानी हुन थालेपछि नगरपालिकाको आन्तरिक स्रोत वृद्धिमा सहयोग भएको छ ।

फोहोरमैला व्यवस्थापनका लागि जग्गा खरिदका लागि सम्बन्धित मन्त्रालयमा सिफारिस गरिए पनि हालसम्म निर्णय हुन नसकेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । नगरपालिकाले नगरभित्रका प्रत्येक टोल, वडा, विद्यालयमा पुगेर फोहर वर्गीकरणकाउपायसिकाउँदैआएको छ । नगरपालिकाले कार्यालय परिसरभित्र नकुहिने फोहरमध्येबाट कागज, सिसा, प्लाष्टिकजन्य फोहरहरू छुट्याएर बिक्री गरिरहेको छ । नगरपालिकाले कुहिने फोहरलाई भने दुम्सीस्थित गौ संरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गरिरहेको छ । नगरपालिकाको बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ ।

शव पहिचानका लागि आउनेलाई निःशुल्क खानेबस्ने सुविधा

भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रका मृतकका शव पहिचान गर्न आउने आफन्तजनलाई होटल व्यवसायी सङ्घ तनहुँले निःशुल्क खानेबस्ने व्यवस्था गर्ने भएको छ । सङ्घका अध्यक्ष गिरीबहादुर थापाले विपद्को पीडामा परेका नागरिकलाई सहयोग गर्नु सबैको मानवीय दायित्व भएको बताउनुभयो । उहाँले शव पहिचानका लागि आउने आफन्तजनलाई आवश्यक सहयोग गर्न आफूहरू तयार रहेको र सङ्घका सबै सदस्यलाई सोही अनुरुप अनुरोध गरिएको जानकारी दिनुभयो ।

# भोटेकोशी बाढीः समुदायले नै जुटाउँदैछ सहयोग

पोखरापत्र संवाददाता
म्याग्दी, १७ भदौं

म्याग्दीको भौगोलिक रूपमा विकट मानिएको गुर्जाका बासिन्दाले भोटेकोशी बाढी पीडितका लागि रु दुई लाख ५० हजार सहयोग गरेका छन् ।

यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा राहत, उद्धार र पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि गुर्जामा रहेका विभिन्न सङ्घसंस्थाले उक्त सहयोग गरेका हुन् । गुर्जा विकास मञ्च र गुर्जा-काठमाडौँ समाजले रु एक/एक लाख तथा पोखरामा बस्ने गुर्जाको चौतारे छन्त्याल महिला समूहबाट रु २५ हजार र बङ्गाले छन्त्याल महिला समूहबाट रु २५ हजार सहयोग गरेको वडाअध्यक्ष झक छन्त्यालले जानकारी दिनुभयो । चार वटै संस्था र समूहले वडा अध्यक्ष छन्त्यालमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरेका हुन् । यसैगरी, बेनी नगरपालिका-९ मा रहेका विभिन्न सङ्घसंस्थाले पनि मङ्गलबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु दुई लाख सात हजार ६३५ जम्मा गरेका छन् । गलेश्वर शिव युवा क्लव, गलेश्वरधाम आमा समूह, गलेश्वर फुटसल समूह, टोल सुधार समिति र गलेश्वर आदर्श आवासीय माविका शिक्षक र विद्यार्थीबाट उक्त रकम जुटाएर कोषमा जम्मा गरिएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका उपाध्यक्ष बमबहादुर पुनले जानकारी दिनुभयो ।

बाढी प्रभावित क्षेत्रबाट सात मजदुर घर फर्किए

भोटेकोशी बाढीबाट अति प्रभावित रसुवा जिल्लाका २१६ मेगावाट क्षमताको अपर त्रिशूली जलविद्युत् आयोजनामा कार्यरत म्याग्दीका सात जना श्रमिक मङ्गलबार घर आइपुगेका छन् । सहायक प्रमुख जिल्ला अधिकारी कुलराज आचार्यका अनुसार मङ्गला गाउँपालिका-५ किमचौरका तीर्थ विक, मालिका गाउँपालिका-५ का जित पुन, टेकबहादुर पुन, प्रेम पुन, धवलागिरि गाउँपालिका-२ का टीकाकुमार पुर्जा, विमल पुर्जा र नवीन पुर्जा आफ्नो घर आइपुगेका हुन् । मालिका गाउँपालिका-४ ओखरबोट छापका २५ वर्षीय भबिन्द्र रेग्मी र धवलागिरि गाउँपालिका-२ खोरियाका २३ वर्षीय प्रबिन पुर्जा अझै सम्पर्कविहीन रहेका सहायक प्रजिअ आचार्यले बताउनुभयो । बाढी आएपछि भागेर ज्यान जोगाएका मजदुरले रसुवादेखि चार दिन पैदल यात्रा गर्दै धादिङ पुगेका थिए । त्यसपछि गोरखा, पोखरा हुँदै बेनी आएको उहाँले बताउनुभयो ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



प्रस्तुत विषयमा बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १० (साविक भकुण्डे गा.वि.स. वडा नं.१) निवासी भारतीय सैनिक नं. ५४४५०००P हवल्दार हरिलाल थापाको तपशिलका परिवारका सदस्यको नेपाली नागरिकता प्रमाणपत्रमा रहेको नामथर, जन्ममिती र भारतीय सैनिक कागजातमा भएको बिबरण फरक परेको भएता पनि व्यक्ति एउटै भएको भनी बागलुङ नगरपालिका १० नं. वडा कार्यालय बागलुङको च.नं. १९५ मिती २०८३/०५/११ को सिफारिस पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनका लागि मात्र जानकारीका लागि अनुरोध छ ।

तपशिल

| क्र.सं. | ने.ना.प्र.प. अनुसारको नामथर र जन्ममिती | भारतीय आर्मी कागजातमा भएको नामथर | नाता |
|---|---|---|---|
| १ | हरिलाल थापा | हरिलाल थापा Hari Lal Thapa | पेन्सनर |
| २ | मनकली मगर्नी Mankali Magarni बि.स. २०२५/०३/०१ (14 June 1968) | मनकली थापा Mankali Thapa बि.स. २०२२/१०/०३ 16 January 1966 | श्रीमती |
| ३ | टेक बहादुर थापा जन्म मिति: २०४३/०३/३० | टेक बहादुर थापा | छोरा |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ बस्ने भारतिय भू.पू.सैनिक नं. ५८४३९८० नायक ४/९ जि.आर. का कर्न बहादुर क्षेत्रीको ने.ना.प्र.प.नं. ६२४ जारी मिति २०४६/०२/१२ मा निजको नाम थर कर्न बहादुर कार्की र जन्म मिति वि.सं. २०१४/०७/१२ (ई.सं. १९५७/१०/२८) उल्लेख भएको र निजको भारतिय पेन्सन रेकर्डमा निजको नाम थर कर्न बहादुर क्षेत्री र जन्म मिति वि.सं. २०१५/०७/१५ (ई.सं. १९५८/१०/३१) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. १३१, मिति २०८३/०४/२९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ बस्ने भारतिय भू.पू. सैनिक नं. ५८४३९८० नायक ४/९ जि.आर. का कर्न बहादुर क्षेत्रीको तपशिल बमोजिमका परिवारका सदस्यहरुको नेपाली नागरिकता प्रमाणपत्र र भारतिय पेन्सन सम्बन्धि कागजातहरुमा नाम थर र जन्म मिति फरक फरक भएता पनि व्यक्तिहरु फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. १२९ मिति २०८३/०४/२९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

| क्र.सं. | नाता सम्बन्धमा | ने. ना.प्र.प.नं. | नेपाली नागरिकता प्रमाणपत्र/जन्म दर्ताको विवरण | | पेन्सन सम्बन्धि कागजातहरुको विवरण | | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | नाम थर | जन्म मिति (वि.सं.) | नाम थर | जन्ममिति (वि.सं/ ई.सं.) | |
| १ | छोरी | ५०३००८-११८ | कला कार्की पौडेल | २०४६।०४।१२ 1989/07/12 | पवित्रा क्षेत्री | २०४३।०४।०३ 1968/08/22 | |
| २ | छोरी | ५०३००८-११७ | सोबिता कार्की थापा | २०४७।०३।१२ 1990/06/26 | सुबिता क्षेत्री | २०४६।०३।१२ 1989/12/12 | |
| ३ | छोरी | ५०१००८-१४९८९ | जिवन क्षेत्री | २०४९।११।२४ 1993/03/07 | जिवन क्षेत्री | २०५३।१२।२६ 1997/04/08 | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

**एउटै व्यक्ति भएको सूचना**



तनहुँ जिल्ला साविक दुलेगौंडा गा.वि.स. वडा नं ७ भई हाल शुक्लागण्डकी नगरपालिका वडा नं ४ बस्ने भारतीय भु.पु सै.नं. ५४४१२१२ दर्जा हवल्दार, पल्टन डि.ए.सी. का प्रेम बहादुर मल्ल ठकुरीको श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको नामथर टोप कुमारी मल्ल जन्म मिति २००९/१०/१५ उल्लेख भएको र भारतीय सैनिक रेकर्डको पिपिओ मा नामथर टोप कुमारी तथा पट्टामा नामथर टोप कुमारी शाही जन्ममिति ई.सं १९/१०/१९५४ भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी नगरपालिका वडा नं. ४ को वडा कार्यालयको च.नं. १०० मिति २०८३/०५/०९ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

**एउटै व्यक्ति भएको सूचना**



चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ७ निवासी भारतीय सैनिक नं. जे.सी. १४४६१६ सुबेदार थिर प्रसाद गुरुङको श्रीमतीको नागरिकता प्रमाणपत्र नं. २३८३२ मा नामथर सान्ता कुमारी गुरुङ भएको र पेन्सन अभिलेखमा नामथर सान्ता कुमारी (SANTA KUMARI) उल्लेख भई फरक परेता पनि फरक नामथर भएको निज एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका ७ नं. वडा कार्यालयको च.नं. १४७ मिति २०८३/०४/१४ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'स्थलगत अध्ययन नगरी पञ्चकुण्ड हिमताललाई जोखिमयुक्त भन्न मिल्दैन'

**सन्तोष गौतम**
म्याग्दी, १७ भदौं/रासस



म्याग्दीका उद्धारकर्मी इन्द्रसिंह शेरचनले विसं २०६० मा पहिलोपटक अन्नपूर्ण आधार शिविर पुग्दा ससाना पाँच ताल प्रष्ट देख्नुभयो।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा रहेको पञ्चकुण्ड ताल पछिल्लो समय एउटै देखिन थालेकामा उहाँले अनौठो मान्नुभएको छ। "हिउँदका चार महिनाबाहेक अन्य समयमा पाँच कुण्डहरू देखिन्थे", उहाँले भन्नुभयो, "अहिले पहिलेको जस्तो कुण्डहरू देखिन छाडेको छ।" पहिले तालको किनारैकिनार हिँडेर आरोही र भरियाहरू आधार शिविर पुग्ने गरेकामा २०६४ सालमा तिलिचो तालबाट हिउँपहिरो खसेर जनधनको क्षति गरेपछि चार हजार १९० मिटर उचाइमा अवस्थित हालको आधार शिविर प्रयोगमा ल्याइएको पर्यटन व्यवसायी शेरचनले बताउनुभयो।

अन्नपूर्ण, फ्रेन्क, तिलिचो र नीलगिरि हिमालको फेदीमा गोलो आकारको ताल रहेको छ। अन्नपूर्ण र तिलिचो हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर प्राकृतिक हिमताल बनेको हो। जिल्लाको नयाँ पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भएको पञ्चकुण्ड हिमतालमा जलवायु सङ्कटका छायाँ देखिन थालेको छ। अन्नपूर्ण -६ मा घर भएका पर्यापर्यटनसम्बन्धी अध्यता घनश्याम खड्का हिमपहिरोको जोखिम र तापक्रम वृद्धिको असरबाट पञ्चकुण्ड ताल पनि अछुतो नरहेको बताउनुहुन्छ। "एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड)का विज्ञले उपलब्ध गराएको तथ्याङ्कअनुसार सन् २०१३ मा ०.०४१ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको पञ्चकुण्ड हिमतालको आकार सन् २०२५ मा बढेर ०.३८८ वर्गकिलोमिटर पुगेको छ", उहाँले भन्नुभयो, "विगत १२ वर्षका अवधिमा अन्नपूर्ण हिमताल (पञ्चकुण्ड ताल)को आकार ८४६ प्रतिशतले विस्तार भएको इसिमोडको तथ्याङ्क छ।"

विसं २०६७ मा अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग पहिचानका लागि नारच्याङका स्थानीयहरूको अगुवाइ गरेर गएका अभियान्ता तेज गुरुङका अनुसार पाँच कुण्ड देखिएपछि पञ्चकुण्ड नामकरण गरिएको थियो। "शेर्पाहरूले 'डिकिचो' भन्ने यस ताललाई हामीहरूले नै पञ्चकुण्ड नामकरण गरेका हौँ", उहाँले भन्नुभयो, "धार्मिक हिसाबले पनि यसलाई पञ्चकुण्ड भनिएको हो।" शेर्पा भाषामा डिकिचोको अर्थ जमेको ताल हो। यहाँ रक्त, दुग्ध, ताम्र, शुद्ध र स्वर्ण गरी पाँच छुट्टाछुट्टै ताल भएको हिन्दू धार्मिकग्रन्थ पञ्च रामायणमा उल्लेख छ। धर्मग्रन्थका अनुसार परापूर्वकालमा कागभुसुन्दी नाम गरेका एक जना ऋषिले तपस्या गरेर ज्ञान आर्जन गरेर यो तालका बारेमा विभिन्न ठाउँमा प्रचारप्रसार गरेका थिए। पितृको सम्झनामा पिण्डदान गर्नाले पुण्य प्राप्त हुने विश्वास छ। ताललाई धार्मिक आस्थासँग जोड्न परिसरमा शिव मन्दिर निर्माण गरिएको छ। स्थानीयवासीले पञ्चकुण्ड नजिकै रहेको डाडाँलाई कागभुसुण्डी नामकरण गरेका छन्। विसं २०७७ देखि सञ्चालनमा आएको नारच्याङदेखि अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गमा पर्ने पञ्चकुण्ड तालको विशेषता हिमाल, आधार शिविर र ताल एकैठाउँमा अवलोकन गर्न पाउनु हो। पर्यटकले तालको किनारमा टहलिएर शान्त वातावरणमा रमाउने र ध्यान गर्छन्। कोही ताल र हिमाललाई पृष्ठभूमिमा पारेर तस्बिर, भिडियो खिच्ने र सामाजिक सञ्जालका सामग्री बनाउँछन्। तीन वर्षअघिसम्म यो ठाउँ सुनसान थियो। प्राकृतिक सौन्दर्य र धार्मिक महत्व स्थानीयस्तरमा सीमित थियो। मौरिस हर्जोग पदमार्गमा आधारभूत पूर्वाधार निर्माण भएर सञ्चालनमा आएसँगै पञ्चकुण्ड तालमा चहलपहल बढेको हो।

अभियान्ता गुरुङ हिउँदमा हिउँ जम्ने र गर्मीयाममा निलो देखिने तालमा चैत महिनामा मात्र पाँचवटा कुण्ड देख्न सकिने भए पनि क्षेत्रफल बढेको र जोखिम हुने विषयप्रति भने असहमति जनाउनुहुन्छ। "अहिलेसम्म अन्नपूर्ण आधार शिविरबाट बग्ने खोलामा बाढी आएको इतिहास छैन र तालको क्षेत्रफल बढेको होइन, गहिरिएको हो", उहाँ भन्नुहुन्छ, "विज्ञहरूले स्थलगत अध्ययन नगरी पञ्चकुण्ड हिमताललाई जोखिमयुक्त भन्न मिल्दैन।" पञ्चकुण्डको पानी बग्ने मिस्त्रीखोला नारच्याङमा आएर कालीगण्डकी नदीमा मिसिन्छ। यो खोलाको पानी प्रयोग गरेर १५२ मेगावाट क्षमताका तीनवटा जलविद्युत् आयोजना निर्माण भएका छन्। अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले पञ्चकुण्ड तालको विषयमा हालसम्म अध्ययन अनुसन्धान नभएको बताउनुभयो। "विश्वव्यापी तापक्रम वृद्धिको असर देखिन थालेकाले पञ्चकुण्ड तालको जोखिमको अवस्थाका विषयमा अध्ययन गर्नुपर्ने महसुस गरेका छौँ", उहाँले भन्नुभयो, "हामीसँग स्रोतसाधन र विज्ञ जनशक्ति नभएकाले सङ्घीय सरकारसँग अध्ययन अनुसन्धानका लागि अनुरोध गर्ने सोचेका छौँ।" विश्वको औसत तापमान १.५ प्रतिशतले बढ्दा हिमालय क्षेत्रमा १.८ देखि दुई डिग्री सेल्सियससम्म बढ्ने गरेको अध्ययनले देखाएको छ। विश्वव्यापी तापमान वृद्धिका कारण हिमालय क्षेत्रमा हिमगलन बढ्नुका साथै नयाँ हिमताल थपिने, विस्तार हुने र विस्फोटन हुन दर बढिरहेको छ। कम वर्षा र हिमपात उच्च हुने हिमाली क्षेत्रमा पछिल्लो समय अनपेक्षित रूपमा उच्च वर्षा हुँदा बाढीपहिरोका घटना बढिरहेका म्याग्दीसमेत कार्यक्षेत्र भएको भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतका वरिष्ठ जलाधार संरक्षण अधिकृत शम्भुकुमार मिश्रले बताउनुभयो। उहाँका अनुसार गण्डकी प्रदेश सरकार मातहतको ताल प्राधिकरणले पञ्चकुण्डलगायत प्रदेशभरका सबै तालतलैयाको विद्युतीय प्रोफाइल तयार पारेको छ। हालसम्म यस हिमतालको विस्तृत भौगोलिक जोखिम मूल्याङ्कन भएको छैन। अन्नपूर्ण हिमनदी तीव्र खुम्चाइ, पर्माफ्रोष्टको छिटोछिटो पग्लने क्रमले ताल क्षेत्र वरपरको थर्मोकाष्टको अवस्थाको ल्यान्डसट, सेन्टिनेल प्रयोग गरी अध्ययनमात्र होइन, तालको गहिराइ, मोरिन बाँधको भौगोलिक अवस्थिति आदि पत्ता लगाउन जियो राडडर (जिपिआर), सिस्मिक र विद्युतीय इआरटी उपकरणमार्फत अध्ययन आवश्यक देखिएको छ।

गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रालयका प्रवक्ता पूर्णेश्वर सुवेदीले जलवायु परिवर्तनले पारेको असरका बारेमा विश्व समुदायको ध्यानाकर्षण गराउन यस वर्ष कालीगण्डकी बेसिनमा जलवायु संवाद कार्यक्रम गर्न लागिएको जानकारी दिनुभयो। "औद्योगिक देशहरूको कारण तापक्रम वृद्धिमा भएको असर हिमाली क्षेत्रमा देखिएको मुद्दालाई अन्तरराष्ट्रियकरण गर्न कालीगण्डकी जलवायु संवाद कार्यक्रम आयोजना गर्न लागिएको हो", उहाँले भन्नुभयो, "जलवायुजन्य विपद्को जोखिमयुक्त क्षेत्र पहिचान गरेर प्रविधियुक्त पूर्वानुमान प्रणाली प्रयोगमा ल्याउनुपर्ने महसुस गरेका छौँ।"

# बागलुङमा १५ किलोमिटर पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ भदौं

बागलुङमा आर्थिक वर्ष २०८२/८३ मा १५ दशमलव पाँच किलोमिटर पदमार्ग निर्माण भएको छ।

एकीकृत सेवा कार्यालय सामाजिक विकास तथा शिक्षा शाखा प्रमुख श्यामकुमार थापाका अनुसार पदमार्ग निर्माणका लागि रु तीन करोड ३५ लाख विनियोजन भएकामा रु तीन करोड खर्च भएको छ। कार्यालयले पदमार्ग निर्माणमा ९३ प्रतिशत भौतिक प्रगति हासिल गरेको जनाएको छ। न्यूनतम रु पाँच लाखदेखि रु १० लाखसम्मका लागतमा निर्माण भएका अधिकांश पदमार्ग धार्मिक तथा पर्यटकीयस्थल केन्द्रित छन्। सबै योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिएको थापाले बताउनुभयो। "प्रतिकूल भूगोल, मौसमलगायत कारण रु ३५ लाख बजेटका चार योजना कार्यान्वयन हुन सकेनन्," थापाले भन्नुभयो, "पर्यटकीय पूर्वाधारको महत्वपूर्ण आधार पदमार्ग निर्माण भएपछि पर्यटक तथा पैदलयात्रुलाई आवतजावतमा सहज भएको छ।" ढोरपाटनदेखि बुकी, फागुने र सुर्तिबाङ जोड्ने चक्रिय पदमार्ग भने ढोरपाटन सिकार आरक्षसँग सम्बन्धित कारणले कार्यान्वयन हुन सकेन। रु १५ लाख बजेटमा पदमार्ग विस्तार थालिए पनि योजना सम्पन्न हुन नसकेको कार्यालयले जनाएको छ। बागलुङ नगरपालिका-१ रामरेखामा ताराखोलाको ढुङ्गा छापेर 'रेलिङ'सहित एक सय मिटर पदमार्ग निर्माण गरिएको उपभोक्ता समितिका अध्यक्ष मनकुमारी शर्माले जानकारी दिनुभयो। त्यस्तै, गलकोट नगरपालिका-५ हरिचौर-सिमलबोटमा २२० मिटर पर्यटकीय पदमार्ग निर्माण भएको छ। निसीखोला गाउँपालिका-५ को धार्मिक तथा पर्यटकीयस्थल अर्नाकोट पर्यटन पदमार्ग क्रमागत रूपमा निर्माण भइरहेको छ। काठेखोला गाउँपालिका-२ को दारेगौडादेखि धौलागिरि जोड्ने पर्यटकीय पदमार्गलगायत ५७ योजना कार्यान्वयन भएका छन्।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १८ निवासी भारतीय भू.पू.सै.नं. 5246023Y Rank Macp का नायव सुवेदार पवित्र बहादुर थापा मगरको माग निवेदन अनुसार निजको श्रीमतीको ना.प्र.न. २८३६४ को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सुनमाया थापा मगर र जन्ममिति वि.सं. २०२५।०४।२२ उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर सुनमाया थापा र जन्ममिति वि.सं. २०२५।०५।२२ (ई.सं. १९६८।०८।०६) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १८ नं. वडा कार्यालयको च.नं.४८९ मिति २०८३।०५।१५को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



## गैर बैकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको २१ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/११/१६ गते (समाधान राष्ट्रिय दैनिक)
दोस्रो पटक प्रकाशित मिति २०८३/०५/१८ गते ( पोखरापत्र राष्ट्रिय दैनिक)

यस विरुवा बचत तथा ऋण सहकारी संस्था लि., पोखरा-१७, विरौटाको स्वामित्वमा रहेको तपशिल बमोजिमको जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस सहकारीबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र सम्बन्धी ३५ दिने सूचना मिति २०८२/११/१६ गते समाधान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुदाँ सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री सम्बन्धी बोलपत्रको यो २१ (एक्काइस) दिने सूचना पून दोस्रो पटक प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र कार्यालय समयमा यस सहकारी संस्थाको कार्यालय, विरौटा, पोखरामा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रीतपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ। यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइस) औं दिन अर्थात तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता र बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन। तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट दिनको १:०० बजे बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने र नगर्ने वा रद्द गर्ने वा छलफल गर्ने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ। साथै बोलपत्र सम्वन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको कार्यालयमा सम्पर्क गर्नुहोला।

**तपसिल**

| | |
|---|---|
| **बोलपत्र खुल्ने मिति** | **: २०८३/०६/०७ गते बुधबार** |
| **समय** | **: दिनको २: ०० बजे** |
| **स्थान** | **: संस्थाको कार्यालय, विरौटा, पोखरा-१७, कास्की** |

| क्र. सं. | जिल्ला | गाविस | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | कास्की | अर्घौं | ६ | ०९४१०४६१ | २३११ | १-५-२-० (६८३.५९ व.मि.) | आवादी |
| २ | तनहुँ | छाङ | ५ | ५ ख | १७६३ | ०-९-२-२ (३०५.९९ व.मि.) | आवादी |
| | तनहुँ | छाङ | | | १७६२ | ०-७-३-० (५५२.३७ व.मि.) | आवादी |
| ३ | कास्की | कृस्ति नाच्नेचौर | २ | ०९३१०७७ | २५३ | १-२-०-२ (५७६.३० व.मि.) | खर |
| | | | | | ३१८ | ०-१५-०-२ (४८०.८३ व.मि.) | आवादी |
| | | | | | ३२० | ०-१३-०-१ (४१५.२६ व.मि.) | आवादी |
| | | | ३ | | ७१६ | ०-५-२-३ (१८०.८२ व.मि.) | आवादी |
| | | | | | ७२२ | १-०-०-१ (५१०.७३ व.मि.) | आवादी |
| | | | | | ७२७ | ०-१२-३-० (४०५.३३ व.मि.) | आवादी |

**बिरुवा बचत तथा ऋण सहकारी संस्था लि.**
**BIRUWA SAVING & CREDIT CO-OPERATIVE LTD.**
पोखरा-१७, बिरौटा, कास्की, फोन नं. ०६१-४५६५७७


# रघुगङ्गामा व्यावसायिक चौँरीपालन सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ भदौं



म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका किसानले व्यावसायिक चौँरीपालन सुरु गरेका छन्।

धौलागिरि हिमालको फेदीमा रहेको चिमखोलाका तीन जना किसानले सामूहिक रुपमा पालिकामै पहिलोपटक चौँरीगाईपालन सुरु गरेका हुन्। कालीबराह कृषि तथा पशुपन्छी फार्ममार्फत स्थानीय धनप्रसाद गर्बुजा, धनकुमारी पुर्जा र प्रदीप पाइजाले चौँरीपालन गर्नुभएको हो। उच्च, मध्य पहाडी र हिमाली क्षेत्रमा समेटिएको रघुगङ्गामा यसअघि चौँरीपालन भएको थिएन्। "म्याग्दीकै अन्नपूर्ण गाउँपालिका-५ स्वाँतबाट ९८ वटा चौँरी ल्याएर कुइनेमङ्गलेको हिमाली क्षेत्रमा पर्ने रिखारमा चराउन लगेका छौँ," धनप्रसादले भन्नुभयो, "पर्याप्त चरनक्षेत्र भएको, खेती हुन छाडेर बाँझिएका जमिनलाई उपभोग गर्न सकिने, अनुकूल हावापानी र मौसम तथा बजारको सम्भावना भएकाले चौँरीपालन गरेका हौं।" याकको मासु र चौँरीको दूधबाट छुर्पी बनाएर बिक्री गर्ने लक्ष्य रहेको फार्मका सञ्चालक धनप्रसादले बताउनुभयो। उहाँका अनुसार चौँरीपालनमा तीन जनाको रु ६० लाख लगानी भएको छ। नयाँ जन्मने बाच्छाबाच्छी हुर्काउँदै फार्ममा चौँरीगाईको सङ्ख्या बढाउँदै लैजाने लक्ष्य राखिएको छ। धनप्रसाद गाउँमै खेती किसानी, गाईभैंसी र बङ्गुरपालन गरेर बस्दै आउनुभएको छ। धनकुमारी बेनीमा होटल व्यवसाय र प्रदीप निर्माण व्यवसायी हुनुहुन्छ। उहाँहरुले चौँरी फार्ममा एक जनालाई रोजगारी पनि दिनुभएको छ।

बर्खामा हिमाल फेदीको बुकीमा लगिने चौँरीका लागि हिउँदमा बेँशीका फाँटमा चरनको सुविधा रहेको छ। समुद्री सतहदेखि दुई हजार मिटरदेखि पाँच हजार मिटरसम्मको उचाइको हिमाली क्षेत्र चौँरीपालनका लागि उपयुक्त मानिन्छ। चौँरीगाईलाई परम्परागत समाजमा हिमाली क्षेत्रमा दूध उत्पादन, सामान ढुवानी तथा मासुको लागि पाल्ने गरेको पाइन्थ्यो। डोल्पा, हुम्ला, मुगु, जुम्ला, मुस्ताङ, मनाङ, लमजुङ, गोरखा, सिन्धुपालचोक, दोलख, रामेछाप, सोलुखुम्बु, सखुवासभा, ताप्लेजुङ, पाँचथर, ओखलढुङ्गा र रसुवाको हिमाली क्षेत्र पर्ने माथिल्लो मुख्य स्थान चौँरीगाईको पकेट क्षेत्र हुन। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ खोपारा क्षेत्रमा विसं २०६० को दशकदेखि चौँरीपालन हुँदै आएको छ। देशभर करिब ११ हजार पाँच सय चौँरीगाई रहेको पशुपन्छी मन्त्रालयको तथ्याङ्क रहेको छ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ बस्ने भारतिय भू.पू.सैनिक नं. ५८४३९८० नायक ४/९ जि.आर. का कर्न बहादुर क्षेत्रीको श्रीमती रुपा कुमारी कार्कीको ने.ना.प्र.प.नं. १४८८-१४७३ जारी मिति २०४८/११/१४ मा नाम थर रुपा कुमारी कार्की र जन्म मिति वि.सं. २०२०/०१/१९ (ई.सं. १९६९/०५/०२) उल्लेख भएको र निजको श्रीमानको भारतिय पेन्सन रेकर्डमा श्रीमतीको नाम थर रूपा कुमारी र जन्म मिति वि.सं. २०२१/०३/०३ (ई.सं. १९६३/११/१९) उल्लेख भई फरक परेतापनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. १२८, मिति २०८३/०४/२९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**